## विद्युत नियमन आयोगका काम कारवाही बारे विद्युत उपभोक्ता सूचित हुन किन आवश्यक छ?

१. नेपाल विद्युत प्राधिकरण, बुटवल पावर कम्पनी लिमिटेड तथा सामुदायिक थोक उपभोक्ता जस्ता विद्युत वितरण गर्ने संस्थामार्फत विद्युत आपुर्ति लिने उपभोक्ताले तिर्ने विद्युत महसुल निर्धारण गर्ने तथा सो प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउने काम विद्युत नियमन आयोगले गर्दछ।

२. विद्युत उत्पादन, प्रसारण, व्यापार वा वितरणको प्रभावकारी नियमन गरी उपभोक्ताले तिर्ने विद्युत सस्तो, विश्वसनीय एवम् गुणस्तरिय बनाउन विद्युत नियमन आयोगले विद्युत उत्पादन, प्रसारण, व्यापार वा वितरणको अनुमति प्राप्त संस्थाहरूलाई अग्रसर गराउँदछ।

३. विद्युत नियमन आयोगले विद्युतसम्बन्धी महत्वपूर्ण निर्णय गर्नु पूर्व सार्वजनिक सुनुवाई मार्फत उपभोक्तालाई निर्णय प्रक्रियामा सहभागी गराउने गर्दछ।

४. विद्युत नियमन आयोगलाई विद्युत क्षेत्रको सम्बन्धमा उपभोक्ताको गुनासो सुन्ने र प्रचलित कानूनको दायरा भित्र रही उपभोक्तालाई क्षतिपूर्ति समेत उपलब्ध गराउन सक्ने अधिकार रहेको छ।

५. विद्युत नियमन आयोगलाई विद्युतसम्बन्धी विवाद समाधान गर्ने कानूनी अधिकार रहेको छ। जिल्ला अदालतलाई भए सरहको निर्णय गर्ने अधिकार भएको आयोगको निर्णयलाई उच्च अदालतले मात्र बदर/परिमार्जन गर्न सक्दछ।

*गुणस्तरीय, किफायती एवम् विश्वसनीय विद्युत हरेक नेपालीको आवश्यकता हो र विद्युतलाई गुणस्तरीय, किफायती एवम् विश्वसनीय बनाउने जिम्मेवारी यस आयोगको रहेको छ।*

### *गुणस्तर*

*विद्युत आपूर्ति गुणस्तरयुक्त हुँदा विद्युत प्रयोगकर्ता तथा उपभोक्ताका विद्युतीय उपकरणहरु पड्कन, जल्न एवम् बिग्रनमा कमी आई सञ्चालन खर्च न्यूनीकरण हुने।*

### *किफायती*

*विद्युत किफायती हुँदा विद्युत खपतको मात्रा बढ्ने भई ग्यास, डिजेल, पेट्रोल जस्ता आयातित इन्धनको लागि महँगो शुल्क तिर्नु नपर्ने।*

### *विश्वसनीयता*

*विद्युत आपूर्ति विश्वसनीय हुँदा विद्युत प्रयोगकर्ता तथा उपभोक्ताको दिनचर्या सहज हुनाका साथै उद्योग, व्यवसाय लगायतको सञ्चालनमा दक्षता हासिल हुने।*

**सम्पर्क:**

**विद्युत नियमन आयोग**

सानो गौचरण, काठमाण्डौ।

**इमेल:** info@erc.gov.np

**वेवसाइट:** www.erc.gov.np

**फोन नं.:** ०१-४५२२४४२, ४५३९००४, ४५४३३९०

© सर्वाधिकार सुरक्षित (विद्युत नियमन आयोग)

# विद्युत नियमन आयोग

(नेपालको विद्युत क्षेत्रको नियामक निकाय)

# परिचयात्मक विवरण

२५ बैशाख २०७९

## आयोगको परिचय

विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाई विद्युतको माग र आपूर्तिमा सन्तुलन कायम राख्न, विद्युत महसुल नियमन गर्न, विद्युत उपभोक्ताको हक र हित संरक्षण गर्न, विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउन तथा विद्युत सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त तथा सुरक्षित बनाउने उद्देश्यले विद्युत नियमन आयोग ऐन, २०७४ ("ऐन") तथा विद्युत नियमन आयोग नियमावली, २०७५ ("नियमावली") बमोजिम विद्युत नियमन आयोगको स्थापना भएको हो । २०७६ साल बैशाख २५ गतेबाट आफ्नो कार्य सञ्चालन गरेको यस आयोगमा अध्यक्ष श्री दिल्ली बहादुर सिंह, सदस्यहरु: श्री रामेश्वर प्रसाद कलवार, श्री भागीरथी ज्ञवाली र श्री गौतम डंगोल तथा सचिव श्री गोकर्ण राज पन्थ कार्यरत हुनुहुन्छ ।

## आयोगको काम, कर्तव्य र अधिकार

- विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाउन नियामकीय तथा प्राविधिक व्यवस्थापन गर्ने
- विद्युत महसुल निर्धारण गर्ने
- विद्युत खरिदबिक्रीको नियमन गर्ने
- विद्युत बजारमा प्रतिस्पर्धा कायम गर्ने
- उपभोक्ताको हित संरक्षण गर्ने
- सङ्गठनात्मक क्षमता अभिवृद्धि गर्ने
- नेपाल सरकारलाइ नीतिगत सुझाव दिने
- अनुमति प्राप्त व्यक्तिको जाँचबुझ तथा निरीक्षण गर्ने
- विद्युत सम्बन्धी विवाद समाधान गर्ने
- विद्युत महसुल, खरिदबिक्री दर, प्रसारण शुल्क वा विद्युत व्यापारसंग सम्बन्धी निर्णय लिनुपूर्व तथा अन्य विषयमा आवश्यकता अनुरुप सार्वजनिक सुनुवाई गर्ने

## हालसम्मका उपलब्धीहरू

- आयोगले ऐनको दफा ३८ (१) बमोजिम तोकिएको म्याद भित्रै आ.व. २०७५/७६, २०७६/७७ तथा २०७७/७८ मा आयोगको काम कारवाही सम्बन्धी प्रतिवेदन पेश गरेको।
- आ.व. २०७६/७७ को लागि नेपाल विद्युत प्राधिकरणले यस आयोगसमक्ष उपभोक्ता विद्युत महसुल दर निर्धारण गर्न निवेदन दिएकोमा २०७७ असार देखि लागु हुने गरी ५ एम्पियरबाट विद्युत प्रयोग गर्ने निम्न आय भएका उपभोक्ताहरुलाई मासिक १० युनिटसम्म निशुल्क विद्युत दिने तथा समग्र उपभोक्ताको मासिक महसुल दरमा सरदारमा ९٪ ले घट्ने गरी निर्णय गरेको ।
- आ.व. २०७८/७९ को लागि नेपाल विद्युत प्राधिकरणले यस आयोगसमक्ष उपभोक्ता विद्युत महसुल दर निर्धारण गर्न निवेदन दिएकोमा २०७८ मङ्सिर महिना देखि लागु हुने गरी ५ एम्पियरबाट विद्युत प्रयोग गर्ने निम्न आय भएका मासिक २० युनिटसम्म खपत गर्ने उपभोक्तालाई छुट दिने र समग्र उपभोक्ताको मासिक महसुल दरमा सरदारमा १.०४٪ ले घट्ने गरी आयोगले उपभोक्ता विद्युत महसुल दर निर्धारण गरी उपभोक्ताको हित संरक्षण गरेको ।
- उपभोक्ता विद्युत महसुल तथा विद्युत खरिदबिक्री दर निर्धारणको निर्णय लिनु अघि उपभोक्ता तथा सरोकारवालाको राय, सुझाव तथा प्रतिक्रिया लिन सार्वजनिक सुनुवाई निर्देशिका जारी गरी सार्वजनिक सुनुवाई गर्ने परिपाटीको विकास गरेको ।
- १० मेगावाटभन्दा कम क्षमताका साना जलविद्युत आयोजनाहरूबाट सुख्खा यामका महिनामा उत्पादन हुने विद्युतको परिमाणको पूर्वानुमान (एभाइलेबिलिटि डिक्लेरेसन) एक महिना अघि नै पेश गर्नु पर्ने र सो नमिलेको खण्डमा नेपाल विद्युत प्राधिकरणलाई जरिवाना तिर्नु पर्ने व्यवस्था भएकोमा एक हप्ता अगाडी मात्र पनि जुनसुकै प्रतिशतसम्मको उक्त समयको जलवायु सम्बन्धी तथ्याङ्कको आधारमा पूर्वानुमान गरी ने.वि.प्रा. पठाउन सकिने प्रावधानको व्यवस्था गरिएको छ । यसबाट साना तथा रुग्ण जलविद्युत आयोजनाहरुलाई राहत मिलेको तथा समुचित विद्युत प्रवाह प्रणाली व्यवस्थापन गर्न ने.वि.प्रा.लाई पनि सहयोग मिलेको हुनाले यसलाई आयोगको पहलमा भएको Win-Win Approach को निर्णय भनि सबै सरोकारवालाहरुले मानेका छन् ।
- निर्माणका क्रममा लिएको ऋणको सावाँ वा ब्याज वा दुवै तिर्न नसक्ने अवस्थामा पुगेका रुग्ण जलविद्युत आयोजनाहरूलाई पुनर्कर्जा सुविधाका लागि नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय एवम् नेपाल राष्ट्र बैंकसँग आवश्यक समन्वय गरी ३٪ ब्याजदरको पुनर्कर्जा सुविधा उपलब्ध गराउन अहम भूमिका निर्वाह गरेको ।
- नेपाल सरकारलाई राय उपलब्ध गराउने सम्बन्धमा विद्युत विधेयकमा ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयले राय माग गरेकोमा आयोगको निर्णयानुसार राय उपलब्ध गराएको ।
- आयोगले आफ्नो कार्यसञ्चालनका निम्ति निम्न नियामकीय उपकरणहरु तर्जुमा गरी कार्यान्वयन गरेको:
  १. विद्युत खरिदबिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्त सम्बन्धी विनियमावली, २०७६
  २. विद्युत उपभोक्ता महसुल निर्धारण निर्देशिका, २०७६
  ३. सार्वजनिक सुनुवाई सञ्चालन निर्देशिका, २०७६
  ४. विद्युत सम्बन्धी कम्पनिको शेयरको सार्वजनिक निष्काशन सम्बन्धी निर्देशिका, २०७६
  ५. विद्युत नियमन आयोगको बैठक सम्बन्धी कार्यविधि, २०७६
  ६. एक आपसमा गाभिन/मिल्न/शेयर खरिदबिक्री वा हस्तान्तरण/प्राप्ती वा ग्रहण सम्बन्धी निर्देशिका, २०७७
  ७. कर्मचारी प्रशासन सम्बन्धी विनियमावली, २०७८ (ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा पेस गरिएको)
  ८. आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७८ (ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा पेस गरिएको)
  ९. विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पुर्वस्वीकृती तथा नियमन सम्बन्धी निर्देशिका, २०७८
  १०. South Asia Forum for Infrastructure Regulations द्वारा तर्जुमा गरिएको Common Minimum Grid Code for South Asia Region उपर वृहत छलफल गरी नेपालको आवश्यकता अनुसारको तर्जुमा हुनको लागि राय सुझाव पठाएको, २०७८
- उल्लेखित नियामकीय उपकरणहरु तर्जुमा गरी कार्यान्वायन गर्नुका साथै सरोकारवालाहरुका तपसिल बमोजिमका निवेदनहरु उपर निर्णयसमेत भइसकेको छ ।

| क्र. सं. | व्यहोरा | गत दुई आ.व. सम्मको संख्या | चालु आ.व. (बैशाख १९ सम्म) को संख्या | हाल सम्मको संख्या |
|---|---|---|---|---|
| १ | प्राथमिक तथा हकप्रद शेयर निष्काशनको पूर्व स्वीकृति | २४ | ११ | ३५ |
| २ | विद्युत कम्पनीको शेयर संरचना परिवर्तनमा स्वीकृति | ५६ | ११ | ६७ |
| ३ | विद्युत कम्पनीको विद्युत खरिदबिक्री दरको निर्धारण तथा विद्युत खरिद सम्झौतामा सहमति | २८ | १२ | ४० |
| ४ | विद्युत कम्पनीको विद्युत खरिद सम्झौताको संशोधनमा सहमति | ५६ | ११८ | १७४ |
| ५ | विद्युत कम्पनीको स्वामित्व हस्तान्तरण, प्राप्ती र ग्रहणमा सहमति | ४ | ३ | ७ |
| ६ | विद्युत कम्पनीको शेयर खरिदबिक्रीको सहमति | | ८ | ८ |
| | जम्मा: | १६८ | १६३ | ३३१ |

## भावी कार्यदिशा

- आयोगको सेवालाई क्रमशः अनलाइन प्रविधि मार्फत डिजिटलाइज गर्दै अघि बढ्ने ।
- विद्युत आयोजनाहरुको जोखिम पहिचान तथा निराकरणका उपायहरुको अध्ययन, अनुसन्धान गर्ने ।
- आयोगले आफ्नो काम, कर्तव्य एवम् नियमनकारी पहुँच विस्तार गर्ने प्रयोजनका लागि आवश्यकता र औचित्यका आधारमा प्राथमिकीकरण गरी नियामकीय उपकरणहरु तर्जुमा गर्दै सेवाग्राहीलाई सेवा प्रवाह चुस्त दुरुस्त रुपले गर्ने ।
- आयोगद्वारा कार्य सञ्चालनका निम्ति निम्न नियामकीय उपकरणहरु तर्जुमा गरी कार्यान्वयन गर्न मस्यौदाहरु तयार गरी सकेकोले क्रमशः विभिन्न सरोकारवालाहरुसंग छलफल गरी पारित गरिनेछ:
  १. आयोगको ५ बर्षको भावी कार्यदिशा (Road Map)
  २. आयोगको आन्तरिक नियन्त्रण प्रणाली
  ३. उपभोक्ता हक हित संरक्षण सम्बन्धी निर्देशिका
  ४. जलविद्युत आयोजनाको दोस्रो चरणको विद्युत खरिदबिक्री दर निर्धारण तथा विद्युत खरिद सम्झौता सम्बन्धी निर्देशिका
  ५. आयोगको आन्तरिक कार्यसञ्चालन सम्बन्धी विनियमावली
  ६. विद्युत नियमन आयोगको कोष परिचालन सम्बन्धी विनियमावली
  ७. नियामकीय लेखा प्रणाली
  ८. विवाद समाधान सम्बन्धी विनियमावली
  ९. सार्वजनिक सुनुवाई सम्बन्धी निर्देशिका
  १०. सौर्य ऊर्जा आयोजनाको विद्युत खरिदबिक्री दर निर्धारण सम्बन्धी निर्देशिका
  ११. नियामकीय सूचना व्यवस्थापन प्रणाली
  १२. विद्युत सम्बन्धी अनुमति प्राप्त व्यक्तिको प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका
  १३. जलविद्युत आयोजनाको विद्युत खरिदबिक्री दर निर्धारण सम्बन्धी निर्देशिका
  १४. ग्रिड संहिता
  १५. प्रसारण दस्तुर निर्धारण सम्बन्धी निर्देशिका